नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: १२९

मिति :२०७७/०८/०५

विषय: राष्ट्रिय भिटामिन-ए अभियान सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.(१)२०७७/०७८ च.नं.१२८ मिति २०७७/०८/०४ को राष्ट्रिय भिटामिन-ए अभियान सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोहि बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य समन्वय महाशाखा

(४- {२२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- (१) २०७७।७८
च.न ९१८

रामशाहपथ
काठमाडौं, नेपाल
मिति:२०७७/०८/४

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

<u>बिषय: राष्ट्रिय भिटामिन-ए अभियान सम्बन्धमा</u>

प्रस्तुत बिषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा बिगत वर्षहरुमा जस्तै यस बर्ष पनि बर्षको २ पटक ६-६ महिनाको फरकमा ६ देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई भिटामिन ए र १२ देखि ५९ महिना सम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रमको सन्दर्भमा यस आ.व.को पहिलो चरणको राष्ट्रिय अभियान आगामी २०७७ मंसिर ११ र १२ गते संचालन गरिने भएकोले उक्त अभियान संचालन गर्दा राष्ट्रिय भिटामिन- ए कार्यक्रम संचालन सम्बन्धि अन्तरिम निर्देशिका २०७७ का अतिरिक्त देहाय अनुसारका थप निर्देशनहरुहरु समेत पालना गराइ प्रभावकारी रुपले अभियान सम्पन्न गर्न सबै स्थानीय तहमा समन्वय गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

भीमप्रसाद सापकोटा
बरिष्ठ जनस्वास्थ्य प्रशासक

<u>थप निर्देशनहरु</u>

१. भिटामिन ए क्याप्सुल खुवाउने समयमा यदि कुनै बच्चा वा स्याहारकर्तालाई ज्वरो आएको वा अन्य कोभिड-१९ संग मिल्दो जुल्दो चिन्हहरु तथा लक्षणहरु देखिएको छन् भने बच्चाहरुलाई सो चिन्ह तथा लक्षणहरु निको भैसकेपछि नजिकको स्वास्थ्य सस्थाबाट भिटामिन ए क्याप्सुल खुवाउनुहुन भन्ने जानकारी महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत सम्बन्धित घरधुरीमा पुर्याउने व्यवस्था गर्नु हुन ।

२. कोभिड-१९ को महामारीको सन्दर्भलाई ध्यानमा राख्दै महिला स्वास्थ्य स्वयं सेविकाहरुले नियमित रुपमा लिदै आएको ६ देखि ५९महिनासम्मका बालबालिकाहरुको पाखुराको नाप हाललाई स्थगन गरिएको छ।

३. बिगतमा जस्तै राष्ट्रिय भिटामिन ए कार्यक्रमको अभियान संगै ६ देखि २३ महिनाका बालबालिकाहरुलाई लक्षित गरि बालभिटा वितरण गर्ने कार्यक्रम भएको हुदा बालभिटा कार्यक्रम संचालित जिल्लाका स्थानिय तहहरुले महिला स्वास्थ्य स्वयं सेविकाहरुबाट भिटामिन ए क्याप्सुल खुवाउने समयमानै बालभिटा वितरण गर्ने व्यवस्था मिलाउनु हुन।

४. कोभिड १९ को महामारीलाई ध्यानमा राखी ६० बर्ष नाघेका तथा गर्भवती,सुत्केरी महिला स्वास्थ्य स्वयं सेविकाको बैकल्पिक व्यवस्था गर्न

५. भिटामिन ए खुवाउदा १२ महिना भन्दा माथिका बालबालिकालाई अविभावक मार्फत खुवाउन लगाउने र ६ महिनादेखि १२ महिना सम्मका सिशुहरुलाई महिला स्वास्थ्य स्वयं सेविका ले नै खुवाउने व्यवस्था मिलाउनु हुन |

६. सुआहरा दोश्रो कार्यक्रम लागु भएका ४२ जिल्लामा प्रति महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई ५ वटा मास्क र १०० मि.लि. Hand sanitizer उक्त कार्यक्रमबाट उपलब्ध हुने, हुम्ला जुम्ला डोल्पा मुगु र कालिकोट जिल्ला हरुमा बिश्व खाध्य कार्यक्रम र धनुषा महोत्तरी सिरह र सप्तरी जिल्लामा FAO मार्फत आवश्यक सहयोग उपलब्ध हुने तथा MSNP लागु भएका जिल्लाहरुमा UNICEF नेपालको प्राबिधिक सहयोग रहनेछ | सहयोगी सस्था नभएका जिल्लाहरुमा सम्बन्धित स्थानीय तह स्वयंले आबश्यक ब्यबस्थापन गर्नु हुन |